नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तानसेन, पाल्पा
(प्रशासन शाखा)

☎ ०७५ { ५२०१२३ ५२०१२४ ५२०१२५
फ्याक्स: ०७५-५२०१६९
Email: daopalpa@gmail.com
Website: http://daopalpa.moha.gov.np
Facebook Page : www.facebook.com/daopalpa

च. नं. ५१०८
पत्र संख्या : ०७८/०७९

मिति-२०७८/५/२३

## पाल्पा जिल्लाका प्रमुख जिल्ला अधिकारीवाट मिति २०७८।५।२३ मा जारी आदेश

कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, कोभिड-१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) ले दिएको अधिकार प्रयोग गरी मिति २०७८।५।२५ गते राति १२.०० बजेदेखि अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि देहाय बमोजिम गर्न/गराउन सम्बन्धित सबैलाई अनुरोध गरिएको छ।

### तपशील

१. सार्वजनिक तथा निजी सेवाहरु संचालन गर्दा तथा अन्य पेशा, व्यवसायहरु संचालन गर्दा तोकिएका सामाजिक दुरी र स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु सेवा प्रवाह गर्ने निकायहरु, पेशा व्यवसायहरु संचालन गर्ने निकायहरु तथा सम्पूर्ण नागरिकहरुले अनिवार्य रुपमा पालना गरी नियमित रुपमा आ-आफ्ना पेशा व्यवसायहरु संचालन गर्ने। तोकिएका मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको तर्फबाट नियमित रुपमा अनुगमन गर्ने।

२. नेपाल सरकारले हालै जारी गरेको स्मार्ट लकडाउनको प्रावधान बमोजिम सम्बन्धित स्थानीय तहले कोभिड-१९ को संक्रमण जोखिमको अवस्थाको मूल्याङकन गरी विद्यार्थीहरुको भौतिक उपस्थितिमा शैक्षिक संस्थाहरु संचालन गर्ने/नगर्ने सम्बन्धमा निर्णय गर्न सक्ने।

३. मठ, मन्दिर तथा विभिन्न धार्मिकस्थलहरुमा गरिने पूजाआजा लगायतका धार्मिक, सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दा सामाजिक दुरी तथा स्वास्थ सुरक्षाका मापदण्डहरुको पालना गर्ने/ गराउने।

४. अनावश्यक रुपमा मानिसहरु जम्मा हुने, भिडभाड गर्ने, सभा समारोह गर्ने, जुलुस गर्ने, जात्रा, महोत्सव तथा भोज, भतेर नगर्ने/नगराउने।

२०७८।५।२३
योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

८. जिल्लामा नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।५।११ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।५।११ गते राति १२.०० वजेसम्म कायम रहेको आदेशलाई कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।५।२५ गते राति १२.०० वजेदेखि अर्को आदेश वा व्यवस्था नभएसम्मका लागि निरन्तरता दिने।

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी